# हिरासतमा भएका मृत्युका घटनाहरुको छानविन सम्बन्धमा सुझावसहित ज्ञापनपत्र

माननीय कृष्णभक्त पोखरेलज्यू,

सभापति, कानुन, न्याय तथा मानव अधिकार समिति,

प्रतिनिधि सभा, सिंहदरवार काठमाडौ ।

महोदय,

नेपालका विभिन्न हिरासत तथा थुनाकेन्द्रहरुमा थुनुवाहरुको शंकास्पद मृत्युका घटनाहरुको सम्बन्धमा अध्ययन गर्न यहाँको नेतृत्वमा रहेको प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समिति अन्तर्गत एक उप समिति गठन गरी यस विषयलाई गम्भीरतापुर्वक लिएकोमा हामी मानवअधिकार क्षेत्रमा काम गर्ने व्यक्ति तथा बिभिन्न संघसंस्थाहरुका प्रतिनिधिहरुका तर्फबाट धन्यबाद ज्ञापन गर्न चाहन्छौं ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी विश्वव्यापी अनुबन्ध, यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धि विश्वव्यापी महासन्धिलगायतका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुको नेपाल पक्ष राष्ट्र रहेको र नेपालको संविधानले समेत यातना तथा अन्य दुर्व्यवहार विरुद्धको संवैधानिक हक प्रत्याभुत गरेको छ। साथै नया फौजदारी दण्डसंहिताले यातना अपमानजनक तथा अमर्यादित व्यवहारलाई अपराधको परिभाषामा राखेर दण्डित गरेको छ ।

प्रजातान्त्रिक मुलुकहरुमा हिरासतमा भएको कुनै पनि मृत्युको कारण पत्ता लगाउने र कसैको लापरवाहीको कारण कसैको मृत्यु भएमा वा कसैले कसैको हत्या गरेमा दोषीमाथि कारवाही गर्ने राज्यको दायित्व हुन्छ ।

हाल हिरासतहरुमा भएका ती मृत्युका घटनाहरु राज्यका कर्मचारीहरूको यातना तथा अन्य दुर्व्यवहारका कारण भएको वा सुरक्षाकर्मीहरुको लापरवाहीको कारणले भएको भन्ने परिवारका सदस्यहरुको आरोप रहेको देखिन्छ ।

मृत्युको अवस्था र प्रकृति पनि शंकास्पद रहेको तथा केही घटनाहरुमा यातना दिइएका प्रमाणहरु पनि सार्वजनिक भएको सन्दर्भमा उक्त उपसमितिलाई अध्ययन गरी ठोस सिफारिश गर्न सहयोग पुगोस् भन्ने हेतुले हामीले अहिलेसम्म अनुगमन गरेका घटनाहरुको तथ्य, प्रकृति तथा केही सुझावहरुसहित यहाँ प्रस्तुत गरेका छौं ।

तराई मानव अधिकार रक्षक संजाल तथा एड्भोकेसी फोरमले नेपालको संविधान जारी भएपश्चातको अवधिमा विभिन्न प्रहरी हिरासतमा थुनुवाहरुको मृत्युका घटनाहरुलाई अनुगमन तथा अभिलेखिकरण गरेको छ। मिति २०७६ जेष्ठ ९ गते मा कोभिड १९ को महामारीका कारण नेपाल सरकारले देशभरि लकडाउन घोषणा गरेदेखि हालसम्मको अवधिमा मात्र पाँचजना थुनुवाहरुका हिरासतमा मृत्यु भएको छ ।

**हालसम्म हिरासतमा मृत्युका घटनाहरुमा देखिएका प्रकृतिहरु तथा अनुसन्धानका समस्याहरुः**

- हिरासतमा हुने यस्ता घटनाहरुमा प्रहरीको तर्फबाट अधिकांश घटनामा मृतकले आत्महत्या गरेको वा विरामी रहि उपचार गर्दागर्दै मृत्यु भएको तर्क गर्ने गरिएपनि परिवारका सदस्यहरुले प्रहरीको लापरवाही तथा प्रहरीले दिएको यातनाका कारण थुनामा रहेको व्यक्तिको मृत्यु भएको दावी लिने गरिएको ।

- हिरासतमा भएका कतिपय मृत्यु प्रहरीले आत्महत्या दावी गरेपनि घटनाको प्रकृति शंकास्पद देखिने, कतिपय घटनामा यातना दिएको स्पष्ट आधार र प्रमाणहरु पनि देखिने गरेको भएपनि प्रहरीले यस्ता घटनामा यातना, ज्यान सम्बन्धि कसुर वा प्रहरीको लापरवाहिका कारण मृत्युमा सम्बन्धित घटनाको अनुसन्धान अगाडि नवढाई आत्महत्याको जाहेरी खडा गरि घटनाको अनुसन्धानलाई नै गौण वनाइ दिनेगरेको ।

- यस्ता घटनाहरुमा पिडीत परिवारहरुले सम्बन्धित प्रहरी कर्मचारीको विरुद्ध जाहेरी दर्ता गर्न खोज्दा समेत जाहेरी दर्खास्त दर्ता गर्न अनावश्यक आनाकानी गर्ने गरिएको । दवावपश्चात जाहेरी दर्खास्त दर्ता भएपनि अनुसन्धान नै अगाडि नवढाइने गरेको । दोषी प्रहरी कर्मचारीहरुले उन्मुक्ति पाउने हुनाले दण्डहीतना मौलाउने गरेको ।

- परिवरजनले आन्दोलन गरेपछि यस्ता हरेक घटनामा एउटा विशेष छानविन समिति वनाउने गरिएको तर सो छानविन समितिले के कस्तो छानविन प्रतिवेदन दियो वा कसलाई कारवाही गऱ्यो की गरेन केही पनि सार्वजनिक गर्ने नगरिएको ।

- यस्ता अधिकांश घटनाहरुमा पिडीतहरु दलित तथा सिमान्तकृत समुदायको हुने गरिएकोले उनीहरुको न्यायमा पहुँच तथा परिपुरण प्रभावकारी नदेखिएको ।

**उपसमितिले घटनाहरुको अध्ययनपश्चात सिफारिशका लागी निम्न कुराहरुमा ध्यान पुरयाउन हाम्रो अनुरोध छ :**

- हिरासतमा हुने मृत्युहरु जहाँ परिवारको सदस्यले कुनै किसिमको यातना, दुर्व्यवहार वा लापरवाहिको आशंका व्यक्त गर्दछन यस्ता घटनाहरुमा अविलम्व मृतकको लाशको पोष्टमार्टम फोरेन्सिक विशेषज्ञबाट अनिवार्य गराई पोष्टमार्टम रिपोर्ट परिवारलाई उपलब्ध गराउने बाध्यकारी व्यवस्था मिलाउन निर्देशन दिने ।

- पिडीत परिवारले जाहेरी दर्खास्त कानुन वमोजीम दर्ता गरि यातना, क्रुर अमानवीय व्यवहारको आरोप भए वा हिरासतमा हत्या गरिएको वा प्रहरीको लापरवाहिले मृत्यु भएको आरोप भए सो घटनामा त्यस प्रहरी कार्यालयमा तत्काल कार्यरत प्रहरी कर्मचारीहरुलाई तत्काल निलम्बवन गरि छुटटै प्रहरी अधिकृतको नेतृत्वमा अनुसन्धान अगाडि वढाउने प्रकृया अवलम्वन गर्न निर्देशन दिने ।

- हाल प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालय सक्रिय रहेको अवस्थामा प्रहरी हिरासतमा हुने यातनाबाट मृत्यु, प्रहरीको लापरवाहिले हुने शंकास्पद मृत्युजस्ता घटनाको तत्काल अनुगमन गरि कानुन बमोजीम मुद्दा चलाउन सिफरिश गर्ने सहितको अधिकार प्रदेश मुख्य न्यायाधिवक्ता कार्यालयलाई प्रदान गर्न महान्यायाधिवक्ताको कार्यालयलाई सिफारिश गर्ने ।

- रौतहट जिल्लाको गरुडा इलाका प्रहरी कार्यालयमा भएको विजय रामको मृत्युमा निजलाई यातना दिएको स्पष्ट प्रमाणहरु (शरीरमा कुटपिट भएको दागसहितको फोटो, निजले बयान गरेको भिडयो) रहेकोले यस सम्बन्धमा सम्बन्धित सवै प्रहरी कर्मचारीउपर मुद्दा चलाउन निर्देशन दिने । साथै पिडीत परिवारहरुलाई विभीन्न किसिमको डर धाक र त्रास रहेकोले निजहरुको सुरक्षाको लागी आवश्यक प्रबन्ध मिलाउन निर्देशन दिने ।

- रौतहट, विजय राम महाराको घटनामा प्रहरी र प्रमुख जिल्ला अधिकारीले प्रमाणहरु लोप गर्न र मुद्दाहरु मथ्थर गरिरहेको हुनाले त्यस्ता कार्य नगर्न नगराउनको लागी प्रहरी र प्रशासनलाई चेतावनी तथा निर्देशन दिने ।

मिति २०७७/६/६

ज्ञापनकर्ता

१. ओम प्रकाश सेन ठकुरी - एड्भोकेसी फोरम,

२. विकास बस्नेत, एड्भोकेसी फोरम नेपाल

३. शैलेन्द्र अम्बेडका अभिवक्ता (थर्ड एलायन्स)

४. प्रवीण कुमार यादव, थर्ड एलायन्स

५.